# सञ्चय कोष

(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)

ISSN: 3021-9353
Online
ई-न्यूजलेटर

वर्ष १४ । अङ्क ५६ ।

२०८३ बैशाख-असार


## सुशासन प्रवर्द्धनमा सञ्चय कोषको महत्वपूर्ण कदम

## कर्मचारी सञ्चय कोष र राष्ट्रिय किताबखाना (निजामती) बीच सूचना आदान-प्रदानसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर



काठमाडौं, असार २३ । कर्मचारी सञ्चय कोष र राष्ट्रिय किताबखाना (निजामती) बीच सेवा प्रवाहलाई थप प्रविधिमैत्री, सरल, सहज, प्रभावकारी तथा सेवाग्राहीमैत्री बनाउने उद्देश्यले सूचना आदान-प्रदानसम्बन्धी समझदारीपत्रमा राष्ट्रिय किताबखाना (निजामती) का महानिर्देशक श्रवण कुमार पोखरेल तथा कर्मचारी सञ्चय कोषका निमित्त प्रशासक जीवन कुमार कटुवालले हस्ताक्षर गर्नुभएको छ ।

समझदारीपत्रले दुई संस्थाबीच Secure VPN, API Integration तथा सुरक्षित सूचना आदान-प्रदान प्रणाली स्थापना गरी कर्मचारीहरूको व्यक्तिगत विवरण, सञ्चय कोष नम्बर, सञ्चित रकम, ऋण विवरण तथा योगदानमूलक निवृत्तिभरण व्यवस्थापनसँग सम्बन्धित आवश्यक सूचना सुरक्षित रूपमा आदान-प्रदान गर्ने व्यवस्था गरेको छ । व्यक्तिगत सूचनाको गोपनीयता सुनिश्चित गर्न Standard Encryption Method अपनाइने तथा सूचना सुरक्षाका लागि आवश्यक सुरक्षा प्रणाली र VAPT समेत गरिने उल्लेख गरिएको छ ।

समझदारीपत्रअनुसार अब राष्ट्रिय किताबखानामा नयाँ कर्मचारीको सुरु सिटरोल दर्ता हुनेबित्तिकै आवश्यक वैयक्तिक विवरण विद्युतीय माध्यमबाट कर्मचारी सञ्चय कोषमा स्वतः प्राप्त हुनेछ । सोही आधारमा कर्मचारी सञ्चय कोषले सम्बन्धित कर्मचारीको KYC विवरण प्रारम्भिक रूपमा तयार गरी सञ्चय कोष नम्बर (PF Number) तथा UCIN नम्बर सिर्जना गर्नेछ र उक्त विवरण राष्ट्रिय किताबखानामा समेत अद्यावधिक हुनेछ ।

समझदारीपत्रको कार्यान्वयन तथा समय व्यवस्थापनका लागि कर्मचारी सञ्चय कोषका प्रशासकको संयोजकत्वमा निर्देशक समिति तथा सम्बन्धित सह प्रशासकको संयोजकत्वमा सहजीकरण समिति गठन गरिने व्यवस्था गरिएको छ । यी समितिहरूले सूचना आदान-प्रदान, प्रणाली सञ्चालन, समस्या समाधान तथा आवश्यक निर्णय गरी समझदारीपत्रको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नेछन् ।

## अनलाइन मार्फत रोक्का-फुकुवा तथा नापी नक्सा प्राप्त गर्ने प्रणाली

कर्मचारी सञ्चय कोषले नेपाल सरकारको सुशासनसम्बन्धी निर्देशिका अनुरूप सेवा प्रवाहलाई थप पारदर्शी, छिटो, छरितो र डिजिटल प्रणालीमार्फत प्रविधिमैत्री बनाउने क्रममा कोषबाट सञ्चयकर्तालाई प्रदान गरिने धितोमा आधारित सापटीमा अनलाइन मालपोत रोक्का-फुकुवा प्रणालीलाई प्रविधिको उपयोग गरी सरल, सहज र प्रभावकारी बनाउन उक्त प्रणाली कार्यान्वयनमा ल्याएको छ । यस प्रणालीमार्फत सञ्चयकर्ताले मालपोत कार्यालयमा उपस्थित नभई कोष कार्यालयबाटै विद्युतीय माध्यमबाट धितो रोक्का तथा फुकुवासम्बन्धी प्रक्रिया सम्पन्न गर्न सक्ने व्यवस्था गरिएको छ ।

साथै धितोका रूपमा पेश गरिने जग्गाको नापी नक्सा प्राप्त गर्ने प्रक्रियालाई समेत सहज बनाउन कोषले नापी विभागबाट Corporate User सुविधा प्राप्त गरी देशभरका आफ्ना शाखा कार्यालय तथा सेवा केन्द्रमार्फत उक्त प्रणाली कार्यान्वयनमा ल्याएको छ ।

## कोषको सञ्चालक समितिको अध्यक्षमा भूपाल बराल



कोषको सञ्चालक समितिको अध्यक्षमा नेपाल सरकार, अर्थ मन्त्रालय राजस्व सचिव भूपाल बराल नियुक्त हुनुभएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०८३/०१/०७ देखि लागू हुनेगरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (क) बमोजिम नेपाल सरकारको तर्फबाट उहाँलाई सञ्चालक समितिको अध्यक्षमा नियुक्त गरेको हो ।

## कोषको निमत्त प्रशासकमा जीवन कुमार कट्वाल



कोषको निमत्ति प्रशासकमा कोषका वरिष्ठतम् सह प्रशासक जीवन कुमार कट्वाल नियुक्त हुनुभएको छ। नेपाल सरकार, अर्थमन्त्रीस्तरको मिति २०८३।०१।२३ को निर्णयानुसार कोषका वरिष्ठतम् सह प्रशासुक जीवन कुमार कट्वालले मिति २०८३।०१।२४ देखि निमित्त प्रशासकको जिम्मेवारी सम्हाल्नु भएको हो ।

## सञ्चालक समितिको सदस्यमा वि.क.



कोषको सञ्चालक समितिको सदस्यमा नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक डम्बर बहादुर वि.क. मनोनित हुनुभएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०८३/०२/२६ देखि लागू हुनेगरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाल प्रहरीको तर्फबाट उहाँलाई सञ्चालक समितिको सदस्यमामा मनोनयन गरेको हो ।

## सञ्चालक समितिको सदस्यमा शर्मा



कोषको सञ्चालक समितिको सदस्यमा नेपाल सरकार, अर्थ मन्त्रालयका सह सचिव डा. धनिराम शर्मा मनोनित हुनुभएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०८३/०२/२६ देखि लागू हुनेगरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाल सरकारको तर्फबाट उहाँलाई सञ्चालक समितिको सदस्यमामा मनोनयन गरेको हो ।

## सञ्चालक समितिको सदस्यमा थापा



कोषको सञ्चालक समितिको सदस्यमा नेपाली सेनाका सहायक रथी विनोद थापा मनोनित हुनुभएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०८३/०२/२६ देखि लागू हुनेगरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाली सेनाको तर्फबाट उहाँलाई सञ्चालक समितिको सदस्यमामा मनोनयन गरेको हो ।

## सञ्चालक समितिको सदस्यमा खनाल



कोषको सञ्चालक समितिको सदस्यमा राष्ट्रिय वाणिज्य बैङ्कका कार्यकारी प्रमुख देवेन्द्ररमण खनाल मनोनित हुनुभएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०८३/०३/२३ देखि लागू हुनेगरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ग) बमोजिम बैंक, वित्तीय संस्था तथा अन्य सङ्गठित संस्थाहरूको तर्फबाट उहाँलाई सञ्चालक समितिको सदस्यमामा मनोनयन गरेको हो ।

## सञ्चालक समितिको सदस्यमा राउत



कोषको सञ्चालक समितिको सदस्यमा त्रिभुवन विश्वविद्यालयका सह प्राध्यापक डा. निर्मल कुमार राउत मनोनित हुनुभएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार मिति २०८३/०३/२३ देखि लागू हुनेगरी कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ग) बमोजिम बैंक, वित्तीय संस्था तथा अन्य सङ्गठित संस्थाहरूको तर्फबाट उहाँलाई सञ्चालक समितिको सदस्यमामा मनोनयन गरेको हो ।

## आ.व. २०८३/८४ को लागि ब्याजदर निर्धारण

कोषले आर्थिक वर्ष २०८३/८४ का लागि २०८३ श्रावण १ गतेदेखि लागू हुने गरी देहायबमोजिम ब्याजदर निर्धारण गरेको छ ।

(१) सञ्चय कोष र निवृत्तभरण कोष रकममा प्रदान गर्ने वार्षिक ब्याजदर ३.८५ (तीन दशमलव आठ पाँच) प्रतिशत ।

(२) सञ्चयकर्ता सापटीहरूमा कोषले लिने ब्याजदर :

- (क) विशेष सापटीमा ५.३५ (पाँच दशमलव तीन पाँच) प्रतिशत
- (ख) घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी र सवारी साधन सापटीमा ६.६० (छ दशमलव छ शून्य) प्रतिशत
- (ग) जग्गा खरिद सापटी र सरल सापटीमा ६.८५ (छ दशमलव आठ पाँच) प्रतिशत

(३) विशेष सापटी बाहेकका धितोमा आधारित सापटीको ब्याज नियमित रूपमा चुक्ता गर्ने सञ्चयकर्ताको हकमा ०.२५ (शून्य दशमलव दुई पाँच) प्रतिशत छुट (Rebate) दिने ।

# नेपाल राष्ट्र बैङ्कका कर्मचारीहरूको सञ्चय कोष तथा योगदानमूलक अवकाश कोष व्यवस्थापन कर्मचारी सञ्चय कोषमार्फत हुने



कर्मचारी सञ्चय कोष र नेपाल राष्ट्र बैङ्कबीच नेपाल राष्ट्र बैङ्कका स्थायी कर्मचारीहरूको सञ्चय कोष रकम तथा योगदानमूलक अवकाश योजनाबमोजिमको रकमको व्यवस्थापन कर्मचारी सञ्चय कोषमार्फत हुने विषयमा मिति २०८३ असार २९ गते समझदारी सम्झौता (MOU) सम्पन्न भएको छ ।

सम्झौतामा २०८३ साल असार मसान्तसम्म नेपाल राष्ट्र बैङ्कले आफ्नै व्यवस्थापनमा सञ्चालन गरेको सञ्चय कोष खाताको रकम तथा कर्मचारीलाई प्रवाह गरिएको सापटीसम्बन्धी विवरण २०८३ असार ३० गते कर्मचारी सञ्चय कोषलाई हस्तान्तरण गरिने उल्लेख गरिएको छ । साथै, उक्त अवधिसम्म नेपाल राष्ट्र बैङ्क सेवामा रहेका कर्मचारीहरूको कोषकट्टी अवधि कोषमा समेत निरन्तरता पाउने गरी गणना गरिने भएकाले कोषबाट प्रदान गरिने सापटी तथा अन्य सुविधामा कुनै असर नपर्ने व्यवस्था गरिएको छ ।

समझदारीमा दुवै पक्षको आपसी सहमतिमा आवश्यकतानुसार संशोधन वा थपघट गर्न सकिने, कार्यान्वयनका क्रममा उत्पन्न हुने विवाद आपसी सहमतिबाट समाधान गरिने तथा अन्य विषय कर्मचारी सञ्चय कोष ऐन र प्रचलित कानुनबमोजिम हुने उल्लेख गरिएको छ ।

नेपाल राष्ट्र बैङ्क र कर्मचारी सञ्चय कोषबीच भएको यस समझदारीले दुवै संस्थाबीचको सहकार्यलाई थप सुदृढ बनाउनुका साथै कर्मचारीहरूको सञ्चय कोष तथा अवकाश सुविधाको व्यवस्थापनलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने विश्वास लिइएको छ ।

# नेपाल बैङ्क लिमिटेड र कर्मचारी सञ्चय कोषबीच सम्झौता



नेपाल बैङ्क लिमिटेडका कर्मचारीहरूको सञ्चय कोष तथा अवकाश कोष व्यवस्थापन कर्मचारी सञ्चय कोषमार्फत गर्ने सम्बन्धमा नेपाल बैङ्क लिमिटेड र कर्मचारी सञ्चय कोषबीच मिति २०८३ असार ३० गते समझदारीपत्र (MOU) मा हस्ताक्षर भएको छ ।

समझदारीपत्रमा कर्मचारी सञ्चय कोषका निमित्त प्रशासक जीवन कुमार कट्वाल र नेपाल बैङ्क लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री तिलकराज पाण्डेयले हस्ताक्षर गर्नुभएको छ ।

समझदारीअनुसार अब नेपाल बैङ्क लिमिटेडका कर्मचारीहरूको सञ्चय कोष तथा अवकाश कोषसम्बन्धी सम्पूर्ण व्यवस्थापन कर्मचारी सञ्चय कोषमार्फत हुनेछ । यसअन्तर्गत सञ्चय कोष रकमको अभिलेख व्यवस्थापन, योगदान सङ्कलन, लगानी व्यवस्थापन, प्रतिफल वितरण, अवकाश कोष सञ्चालन तथा सम्बन्धित अन्य सेवा कर्मचारी सञ्चय कोषले प्रचलित कानुन तथा कार्यविधिअनुसार उपलब्ध गराउनेछ ।

समझदारीमा दुवै पक्षको आपसी सहमतिमा आवश्यकतानुसार संशोधन वा थपघट गर्न सकिने, कार्यान्वयनका क्रममा उत्पन्न हुने विवाद आपसी सहमतिबाट समाधान गरिने तथा अन्य विषय कर्मचारी सञ्चय कोष ऐन र प्रचलित कानुनबमोजिम हुने व्यहोरा उल्लेख गरिएको छ ।

# कृषि विकास बैङ्क लिमिटेड र कर्मचारी सञ्चय कोषबीच सम्झौता



कर्मचारी सञ्चय कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा २०८३ असार ३० गते कृषि विकास बैङ्क लिमिटेड र कर्मचारी सञ्चय कोषबीच कृषि विकास बैङ्क लिमिटेडका कर्मचारीहरूको सञ्चय कोष तथा अवकाश कोष व्यवस्थापन गर्ने  सम्बन्धमा समझदारीपत्र (MOU) मा हस्ताक्षर भएको छ ।

समझदारीपत्रमा कर्मचारी सञ्चय कोषका निमित्त प्रशासक जीवन कुमार कट्वाल र कृषि विकास बैङ्क लिमिटेडका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङ्गले हस्ताक्षर गर्नुभएको हो ।

समझदारीअनुसार कृषि विकास बैङ्कले कार्यरत कर्मचारीको लागि व्यवस्थापन गर्दै आएको सञ्चय कोष लगायतका अवकाश कोषको रकम कर्मचारी सञ्चय कोषमा हस्तान्तरण हुनेछ ।

समझदारीमा दुवै पक्षको आपसी सहमतिमा आवश्यकतानुसार संशोधन वा थपघट गर्न सकिने, कार्यान्वयनका क्रममा उत्पन्न हुने विवाद आपसी सहमतिबाट समाधान गरिने तथा अन्य विषय कर्मचारी सञ्चय कोष ऐन र प्रचलित कानुनबमोजिम हुने व्यहोरा उल्लेख गरिएको छ ।

# राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड र कर्मचारी सञ्चय कोषबीच सम्झौता



राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड र कर्मचारी सञ्चय कोषबीच २०८३ असार ३१ मा राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडका कर्मचारीहरूको सञ्चय कोष तथा अवकाश कोष व्यवस्थापन गर्ने सम्बन्धमा समझदारीपत्र (MOU) मा हस्ताक्षर भएको छ।

समझदारीपत्रमा कर्मचारी सञ्चय कोषका निमित्त प्रशासक जीवन कुमार कट्वाल र राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले हस्ताक्षर गर्नुभएको हो।

समझदारीमा बैङ्कले कार्यरत कर्मचारीको लागि व्यवस्थापन गर्दै आएको सञ्चय कोष लगायतका अवकाश कोषको रकम कर्मचारी सञ्चय कोषमा हस्तान्तरण गर्ने र आवश्यकतानुसार दुवै पक्षले आपसी सहमतिमा उल्लेखित शर्तहरुमा संशोधन वा थपघट गर्न सकिने, कार्यान्वयनका क्रममा उत्पन्न हुने विवाद आपसी सहमतिबाट समाधान गरिने तथा अन्य विषय कर्मचारी सञ्चय कोष ऐन र प्रचलित कानुनबमोजिम हुने व्यहोरा उल्लेख गरिएको छ।

# सामाजिक सुरक्षामा ५५ करोड ६८ लाख रुपैँयाभन्दा बढी रकम वितरण

आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म कोषले सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत २५ हजार ६५५ सञ्चयकर्तालाई ५५ करोड ६८ लाख रुपैयाँभन्दा बढी रकम वितरण गरेको छ।



सामाजिक सुरक्षा तथा निवृत्तभरण व्यवस्थापन विभागका अनुसार स्वास्थ्योपचार सुविधाअन्तर्गत साधारण रोगका लागि ४ हजार ४९४ सञ्चयकर्तालाई १६ करोड ५१ लाख रुपैयाँ प्रदान गरिएको छ भने घातक रोगको उपचारका लागि १ हजार ५०५ जनालाई २० करोड ७५ लाख रुपैयाँभन्दा बढी रकम उपलब्ध गराइएको छ।

त्यसैगरी, सुत्केरी तथा शिशु स्याहार सुविधा-अन्तर्गत १८ हजार ९९६ जनाले १४ करोड २४ लाख रुपैयाँ प्राप्त गरेका छन्। काजक्रिया अनुदान योजनामार्फत ५६९ जना सञ्चयकर्ताका आश्रित परिवारलाई २ करोड २७ लाख रुपैयाँ वितरण गरिएको छ। यस्तै, दुर्घटना क्षतिपूर्ति सुविधाअन्तर्गत ९१ जनालाई १ करोड ८२ लाख रुपैयाँ प्रदान गरिएको विभागले जनाएको छ।

कोषले सामाजिक सुरक्षा कार्यक्रममार्फत विभिन्न शीर्षकमा उल्लेख्य रकम वितरण गर्दै सञ्चयकर्ताको स्वास्थ्य, सुरक्षा र सामाजिक संरक्षणमा योगदान पुऱ्याउदै आएको छ।

# सञ्चयकर्ताका लागि सवारी साधन सापटीसम्बन्धी नयाँ व्यवस्था लागू

कर्मचारी सञ्चय कोषले सञ्चयकर्तालाई सवारी साधन खरिदका लागि सापटी उपलब्ध गराउने उद्देश्यले 'कर्मचारी सञ्चय कोष सञ्चयकर्ता सवारी साधन सापटी विनियमावली, २०८२ कार्यान्वयनमा ल्याएको छ। सञ्चालक समितिबाट स्वीकृत उक्त विनियमावली २०८३ साउन १ गतेदेखि लागू भएको हो।

कोषले स्वीकृत गरेको विनियमावलीले सवारी साधन खरिदका लागि सापटी प्रदान गर्ने उद्देश्य, सापटी प्राप्त गर्ने योग्यता, सापटीको अधिकतम सीमा, भुक्तानी अवधि, आवश्यक सुरक्षण, आवेदन प्रक्रिया तथा आवश्यक कागजातका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ। यससँगै सञ्चयकर्ताले आफ्नो आवश्यकतानुसार नयाँ दुई पाङ्ग्रे र चार पाङ्ग्रे वा तोकिएका मापदण्ड अनुरुपका पुरानो चार पाङ्ग्रे सवारी साधन खरिदका लागि सापटी सुविधा लिन सक्ने भएका छन्।

विनियमावलीले विद्युतीय सवारी साधनलाई विशेष प्राथमिकता दिएको छ। नयाँ विद्युतीय सवारी साधन खरिदका लागि अधिकतम ४५ लाख रुपैयाँ वा खरिद मूल्यको ७० प्रतिशतमा जुन कम हुन्छ त्यति रकमसम्म र अन्य नयाँ सवारी साधन खरिदका लागि अधिकतम ४० लाख रुपैयाँ वा खरिद मूल्यको ७० प्रतिशतमध्ये जुन कम हुन्छ त्यति रकम सापटीको रुपमा उपलब्ध हुनेछ। नयाँ सवारी साधन खरिद गर्दा खरिद गरिने सवारी साधन र कोषकट्टी रकम धितो सुरक्षणको रुपमा राखिनेछ।

पुरानो सवारी साधन खरिदका लागि थप मापदण्डसमेत तोकिएको छ। खरिद गरिने पुरानो चारपाङ्ग्रे सवारी साधन आधिकारिक विक्रेताबाट पहिलो पटक बिक्री भएको मितिले पाँच वर्ष पूरा नभएको हुनुपर्नेछ र धितोको रुपमा खरिद गरिने सवारी साधन, कोषकट्टी रकम र जग्गा/घरजग्गा धितो सुरक्षण राख्नुपर्ने व्यवस्था गरिएको छ।

त्यसैगरी पुराना सवारी साधन खरिदको हकमा तोकिएको रकममा नबढ्ने गरी ह्रासकट्टी पश्चातको मूल्य वा सवारी साधनको प्राविधिक मूल्याङ्कनमध्ये जुन कम हुन्छ त्यसको ६० प्रतिशतसम्म सापटी उपलब्ध गराइने व्यवस्था गरिएको छ।

सापटीको अधिकतम सीमा निर्धारण गर्दा मासिक किस्ता सञ्चयकर्ता तथा निजको दम्पतीको स्वघोषित मासिक आम्दानीको ८० प्रतिशतभन्दा बढी नहुने गरी निर्धारण गरिनेछ।

नयाँ सवारी साधन खरिदका लागि सापटी लिएको अधिकतम सात वर्षभित्र र पुराना सवारी साधनका लागि अधिकतम पाँच वर्षभित्र चुक्ता गर्नुपर्नेछ। साथै, सञ्चयकर्ताले निर्धारित अवधि अघि नै अग्रिम रूपमा सापटी चुक्ता गर्न सक्ने व्यवस्था पनि गरिएको छ।

सापटी सुविधा लिन सम्बन्धित कार्यालय प्रमुखको सिफारिससहित तोकिएको आवेदन फाराम, अद्यावधिक केवाईसी विवरण, नागरिकताको प्रमाणित प्रतिलिपिलगायत विनियमावलीमा उल्लेख गरिएका आवश्यक कागजात पेश गर्नुपर्नेछ।

सवारी साधन खरिद गर्न कम्तीमा तीन वर्षदेखि नियमित रूपमा कोषकट्टी गरेको र उमेर वा पदावधिका आधारमा अवकाश हुन कम्तीमा छ महिना बाँकी रहेको हुनुपर्ने व्यवस्था गरिएको छ।

# कर्मचारी सञ्चय कोषद्वारा अन्तरक्रिया कार्यक्रम सम्पन्न

काठमाडौं, जेठ १७, २०८३ । कर्मचारी सञ्चय कोषद्वारा कोषको रणनीतिक योजना, चालु आर्थिक वर्षको बजेट समीक्षा, आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रक्षेपण, वार्षिक कार्यसम्पादन सम्झौताको समीक्षा तथा व्यावसायिक निरन्तरता योजनासम्बन्धी विषयमा एकदिने अन्तरक्रिया तथा समीक्षा कार्यक्रम कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा सम्पन्न भएको छ ।

कोषका उच्च पदस्थ कर्मचारीहरुको सहभागिता रहेको कार्यक्रममा विभागीय प्रमुख दामोदर प्रसाद सुवेदीले कार्यक्रमको औचित्यका बारेमा प्रकाश पार्दै सहभागीहरूलाई स्वागत गर्नुभएको थियो ।

कोषको ५ वर्षे रणनीतिक योजना तयारीको क्रममा रहेको र सो विषयमा विज्ञको रुपमा नेपाल सरकारका पूर्व मुख्य सचिव डा. बैकुण्ठ अर्यालले कर्मचारी सञ्चय कोषको रणनीतिक योजनामा



समेटिनुपर्ने विषय, कोषले अबलम्बन गर्नुपर्ने रणनीति, कार्यनीति र कार्यन्वयनका सवालमा प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँले कोषको दिगोपन, सुशासन, संस्थागत क्षमता विकास तथा समसामयिक चुनौतीलाई सम्बोधन गर्ने रणनीतिक दृष्टिकोण आवश्यक रहेको उल्लेख गर्नुभएको थियो ।

त्यसैगरी, आर्थिक प्रशासन विभागका विभागीय प्रमुख ध्रुव प्रसाद अधिकारी र वरिष्ठ प्रबन्धक शशी देवकोटाले चालु बजेट कार्यान्वयनको अवस्था, स्रोत व्यवस्थापन, प्राथमिकताका कार्यक्रम तथा आगामी योजनाबारे विस्तृत जानकारी प्रस्तुत गरिएको थियो ।

वार्षिक कार्यसम्पादन सम्झौताको समीक्षा तथा आगामी आर्थिक वर्षका लागि विभाग, शाखा कार्यालय तथा सेवा केन्द्रस्तरमा सञ्चालन गरिनुपर्ने कार्यक्रमसम्बन्धी प्रस्तुति योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख दामोदर प्रसाद सुवेदी र वरिष्ठ प्रबन्धक सन्तोष पौड्यालले गर्नुभएको थियो ।

चौथो कार्यपत्रका रुपमा बिज्ञद्वारा तयार पारिएको कोषको व्यावसायिक निरन्तरता योजनाका सम्बन्धमा  सूचना प्रविधि विभागका विभागीय प्रमुख दर्शन भट्टराईले  प्रस्तुतीकरण गर्नुभएको थियो । विपद् वा आकस्मिक परिस्थितिमा समेत कोषको सेवा तथा व्यवसायलाई निरन्तरता दिने तयारी, सूचना प्रविधि सुरक्षा तथा प्रणालीगत व्यवस्थापनका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा कोषका विभागीय प्रमुखहरू, शाखा कार्यालय प्रमुखहरू र सेवा केन्द्र प्रमुखहरूले आ-आफ्ना धारणा, सुझाव तथा अनुभव प्रस्तुत गर्नुभएको थियो ।

साथै, कोषका सह प्रशासक भरतराज वस्तीले विभागीय प्रमुख, शाखा कार्यालय प्रमुख, सेवा केन्द्र प्रमुख



तथा उच्च व्यवस्थापनबीचको नियमित अन्तरक्रिया र समन्वयले संस्थालाई थप गतिशील तथा परिणाममुखी बनाउन महत्वपूर्ण योगदान पुग्ने धारणा व्यक्त गर्नु भयो ।

त्यसैगरी, कोषका निमित्त प्रशासक जीवन कुमार कट्वालले कर्मचारी सञ्चय कोषको इतिहास, वर्तमान अवस्था तथा भावी कार्यदिशाबारे चर्चा गर्दै रणनीतिक योजना, विशेष कार्यक्रम, सेवा विस्तार, सुशासन, सेवा प्रवाह सुधार तथा प्रविधिको प्रभावकारी उपयोगमार्फत कोषलाई अझ सक्षम र परिणाममुखी संस्थाको रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल



सरकारको शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूची अन्तर्गत कोषले गर्नुपर्ने सुधार कार्यक्रम, संस्थागत सुशासनका सम्बन्धमा कोषको भूमिकालाई थप प्रभावकारी बनाउँदै संस्थागत उत्तरदायित्व र कार्यसम्पादनलाई सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो ।

कार्यक्रम सञ्चालनका क्रममा वरिष्ठ प्रबन्धक डा. दिलीप राज पौडेलले कार्यक्रमको औचित्य तथा समसामयिक सान्दर्भिकतामाथि प्रकाश पार्दै संस्थागत सुधार, रणनीतिक सोच तथा परिणाममुखी कार्यसंस्कृतिको आवश्यकता औंल्याउनु भएको थियो ।

# बढुवा सिफारिश

कोषमा कार्यरत तह ६ (सहायक प्रबन्धक) देखि तह १० (मुख्य प्रबन्धक) सम्मका देहायका कर्मचारीहरुको कार्यक्षमता मूल्याङ्कनको आधारमा मिति २०८२ चैत्र १५ गते पदपूर्ति समितिले बढुवा सिफारिश गरेको छ।

| क्र.सं. | नामथर | बढुवा भएको | | |
|---|---|---|---|---|
| | | पद | तह | सेवा |
| १ | नवराज पौडेल | मुख्य प्रबन्धक | दशौं | प्रशासन |
| २ | केशव कुमार बुढाथोकी | वरिष्ठ प्रबन्धक | नवौं | प्रशासन |
| ३ | डम्बर बहादुर खड्का | वरिष्ठ प्रबन्धक | नवौं | प्रशासन |
| ४ | मुकुन्द अर्याल | वरिष्ठ प्रबन्धक | नवौं | प्रशासन |
| ५ | शिवराज पौडेल | वरिष्ठ प्रबन्धक | नवौं | प्रशासन |
| ६ | लाल बहादुर सुनार | प्रबन्धक | आठौं | प्रशासन |
| ७ | डम्मरा देवी अर्याल | प्रबन्धक | आठौं | प्रशासन |
| ८ | भरत कुमार साउद | प्रबन्धक | आठौं | प्रशासन |
| ९ | शंकर ओड | प्रबन्धक | आठौं | प्रशासन |
| १० | निमा डोमा शेर्पा | प्रबन्धक | आठौं | प्रशासन |
| ११ | कल्पना थापा | प्रबन्धक | आठौं | प्रशासन |

| क्र.सं. | नामथर | बढुवा भएको | | |
|---|---|---|---|---|
| | | पद | तह | सेवा |
| १२ | सुरेश हमाल | प्रबन्धक | आठौं | प्राविधिक |
| १३ | पारसमणि भण्डारी | उप प्रबन्धक | सातौं | प्रशासन |
| १४ | देवानन्द बैजनाथ | उप प्रबन्धक | सातौं | प्रशासन |
| १५ | उत्तम घिमिरे | उप प्रबन्धक | सातौं | प्रशासन |
| १६ | नन्द किशोर राय | उप प्रबन्धक | सातौं | प्रशासन |
| १७ | अनन्त मुनी बज्राचार्य | उप प्रबन्धक | सातौं | प्रशासन |
| १८ | भानुभक्त गौतम | सहायक प्रबन्धक | छैटौं | प्रशासन |
| १९ | अनिशा काफ्ले | सहायक प्रबन्धक | छैटौं | प्रशासन |
| २० | सरोज कुमार यादव | सहायक प्रबन्धक | छैटौं | प्रशासन |
| २१ | रिपु कुमारी | सहायक प्रबन्धक | छैटौं | प्रशासन |

# तालिम तथा क्षमता विकास

## कोशी तथा मधेस प्रदेशका कर्मचारीका लागि दुईदिने आवासीय तालिम सम्पन्न

२०८३ वैशाख १२ र १३ गते मानव संसाधन व्यवस्थापन विभागको संयोजकत्वमा शाखा कार्यालय विराटनगर र जनकपुर तथा सेवा केन्द्रहरू विर्तामोड र धनकुटामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको सहभागितामा सुनसरीको इटहरीमा दुई दिने Functional Residential Training सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रममा शाखा कार्यालय तथा सेवा केन्द्रका ३३ जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

## ग्राहक सम्बन्ध व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न

२०८३ जेठ १० गते कर्मचारीहरूको ग्राहकमैत्री सेवा प्रवाह तथा सेवाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले Customer Relationship Management (CRM) सम्बन्धी एक दिने तालिम सम्पन्न भएको छ। कोषको पुल्चोकस्थित तालिम हलमा आयोजित उक्त तालिम कोष र National Management Service (NMS) को सहकार्यमा सञ्चालन गरिएको थियो। तालिममा कोषका अधिकृत तथा सहायक स्तरका ३९ जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

## AML/CFT Workshop कार्यक्रम सम्पन्न

२०८३ जेष्ठ ३० गते कोषको तालिमहल पुल्चोकमा कोष र AML Nepal को सहकार्यमा कोषमा कार्यरत ३८ जना अधिकृत कर्मचारीहरूको सहभागितामा AML/CFT Workshop सम्बन्धी कार्यक्रम सम्पन्न भएको छ।

## लुम्बिनि, कर्णाली र सुदुरपश्चिम प्रदेशका कर्मचारीका लागि आवासीय तालिम सम्पन्न

२०८३ जेठ ९ र १० गते मानव संसाधन व्यवस्थापन विभागको संयोजकत्वमा शाखा कार्यालय कोहलपुर, सुर्खेत र धनगढीमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको सहभागितामा कैलालीको चिसापानीमा दुई दिने Functional Residential Training सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रममा माथि उल्लेखित शाखा कार्यालयका ३१ जना कर्मचारीहरूको सहभागिता रहेको थियो।

## सेवाकालीन तालिम प्रदान

कोषमा कार्यरत १२ जना अधिकृत कर्मचारीहरूलाई मिति २०८३/०२/१८ देखि २०८३/०३/२६ सम्म नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलमा Professional Course on Management Development विषयक ३० दिने सेवाकालीन तालिम दिइएको छ।

## Customer Service Excellence सम्बन्धी तालिम सम्पन्न

कोषको तालिम हल पुल्चोकमा मिति २०८३ असार १३ गते कोषमा कार्यरत ३४ जना कर्मचारीलाई Customer Service Excellence सम्बन्धी एक दिने तालिम प्रदान गरिएको छ।

# कर्मचारी अवकाश

कोषमा २०८३ बैशाख, जेठ र असार महिनामा ६ जना कर्मचारीहरू अनिवार्य अवकाश भएका छन्। अनिवार्य अवकाश हुनेमा वरिष्ठ प्रबन्धक कृष्ण बहादुर जि.सी., प्रबन्धक जितेन्द्र श्रेष्ठ, उप प्रबन्धक सुरेन्द्र राज ढकाल, सहायक प्रबन्धक जमुनादेवी पण्डित, प्रमुख सहायक (चालक) जीवन कुमार महर्जन, प्रमुख सहायक (सुरक्षा) हरिशरण थापा रहेका छन्।

# शाखा कार्यालय तथा सेवा केन्द्र गतिविधि

## शाखा कार्यालय पोखरा

### मुस्ताङमा निवृत्तभरण तथा सञ्चय कोषसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न




कर्मचारी सञ्चय कोष, पोखरा शाखाले मिति २०८३ असार ८ गते मुस्ताङ जिल्लामा निवृत्तभरण तथा सञ्चय कोषसम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । जिल्ला प्रशासन कार्यालय, मुस्ताङको समन्वय तथा घरपझोङ गाउँपालिका, जोमसोमको सहयोगमा सम्पन्न उक्त कार्यक्रममा सरकारी तथा गैरसरकारी कार्यालयका ५० भन्दा बढी सञ्चयकर्ताहरूको सहभागिता रहेको थियो ।

कोषका सह प्रशासक भरत राज वस्तीको प्रमुख आतिथ्यता तथा पोखरा शाखा कार्यालय प्रमुख मदन सुवेदीको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा विशेष अतिथिका रूपमा मुस्ताङ जिल्लाका प्रमुख जिल्ला अधिकारी अजिता शर्मा र कोषको निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागका विभागीय प्रमुख वीरेन्द्र पौडेलको उपस्थिति रहेको थियो ।

विभागीय प्रमुख पौडेलले सञ्चय कोष व्यवस्थापन, सामाजिक सुरक्षा योजना, कर्जा तथा सापटी सुविधा र योगदानमा आधारित निवृत्तभरण योजनासम्बन्धी विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुतिपछि सहभागी सञ्चयकर्ताहरूले राखेका विभिन्न प्रश्न तथा जिज्ञासाहरूको जवाफ कोषका सह प्रशासक, विभागीय प्रमुख तथा पोखरा शाखा प्रमुखले दिनुभएको थियो । साथै प्रमुख जिल्ला अधिकारी अजिता शर्माले कर्मचारी सञ्चय कोषका सेवा विस्तार र प्रभावकारी कार्यसम्पादनका लागि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रमको अन्तमा कोषका सह प्रशासक भरत राज वस्तीले कोषका वर्तमान अवसर, चुनौती तथा भावी कार्ययोजनाबारे जानकारी गराउनुभएको थियो ।

### काली जंग गण, घोडाबाधे बाग्लुङ्गमा अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न

शाखा कार्यालय पोखराले मिति २०८३ असार १८ मा काली जंग गण, घोडाबाधे, बाग्लुङ्गमा कर्मचारी सञ्चय कोषबाट प्रवाह हुने सेवा सुविधा र सोको प्रक्रिया सम्बन्धी अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। अन्तरक्रियाको मुख्य विषयवस्तु सञ्चय कोष व्यवस्थापन, सामाजिक सुरक्षा सुविधा वितरण, कर्जा तथा सापटी, फाँटवारी, बेचालु तथा खाता एकीकरण, Know Your Customer (KYC) र योगदानमा आधारित निवृत्तभरण योजना रहेको थियो । अधिकृत तथा जवान गरी कुल १८० जनाभन्दा बढी सैनिकको उपस्थिति रहेको थियो ।



### सापटीको क्षेत्र विस्तारका लागि स्थलगत अध्ययन सम्पन्न

कोषबाट प्रदान गरिने धितोमा आधारित सापटीको क्षेत्र विस्तार गर्ने उद्देश्यले शाखा कार्यालय पोखराले मिति २०८३ असार ७, ८ र ०९ मा म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं. ३ दाना बजार तथा मुस्ताङ्ग जिल्लाको थासाङ गाउँपालिका वडा नं. १ को टुकुचे बजार, वडा नं. २ कोवाङ बजार, वडा नं. ३ लेते बजार तथा वडा नं. ४ घाँसा बजारभित्रको पूर्वाधार विकास भएका क्षेत्रको निरीक्षण तथा सम्भाव्यता अध्ययन सम्पन्न गरेको छ । त्यसैगरि, मुस्ताङ जिल्लाकै घरपझोङ गाउँपालिका वडा नं. २ को मार्फा बजार तथा जोमसोम बजारभित्रका पूर्वाधार विकास भएका क्षेत्रको निरीक्षण तथा सम्भाव्यता अध्ययन सम्पन्न गरेको छ ।

### संस्था सूचीकरण सम्झौता सम्पन्न

शाखा कार्यालय पोखराले "कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता र कार्यालय तथा संस्था सूचीकरण विनियमावली २०८१" बमोजिम मिति २०८३/०१/१७ मा मालिका गाउँपालिका-०६ म्याग्दीस्थित श्री पश्चिम नेपाल बचत तथा ऋण सहकारी संस्था लि., मिति २०८३/०३/३१ मा पोखरा महानगरपालिका-११ स्थित भाष्कर मेमोरियल स्कूल तथा इच्छाकामना गाउँपालिका-०४ कुरिनटार, चितवनस्थित श्री प्रगति पाठशाला कुरिनटार प्रा.लि.सँग सम्झौता सम्पन्न गरेको छ । आबद्ध संस्थाहरु कर्मचारी सञ्चय कोषसँग सहकार्य गरी सामाजिक सुरक्षाको सामूहिक लक्ष्यलाई हासिल गर्न उत्साहित तथा प्रतिबद्ध रहेका छन् ।

# शाखा कार्यालय धनगढी

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०८३ जेठ २९ गते अछाम जिल्लास्थित श्री गोरख बक्स गण मंगलसेन ब्यारेकमा आयोजित कार्यक्रममा कार्यरत सकल दर्जाका सैनिकहरूको सहभागिता रहेको थियो। कार्यक्रममा सञ्चय कोष तथा निवृत्तभरण कोषबाट उपलब्ध सेवा-सुविधा, सापटी प्राप्त गर्ने प्रक्रिया, कोषद्वारा सञ्चालन गरिएका डिजिटल सेवाहरू तथा सुबिधा सम्बन्धी विस्तृत जानकारी प्रदान गरिएको थियो। कार्यक्रममा सहभागीहरूले राखेका जिज्ञासाको अन्तरक्रियात्मक छलफलमार्फत समाधान गरिएको थियो।

त्यसैगरी, २०८३ असार १६ गते कञ्चनपुर जिल्लाको शुक्लाफाँटा नगरपालिकास्थित सशस्त्र प्रहरी बल नेपाल नं. ३५ गण, हेडक्वार्टर शैलेश्वरीमा कार्यरत प्रहरी कर्मचारीहरूका लागि पनि निवृत्तभरण तथा सञ्चय कोषसम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा निवृत्तभरण व्यवस्था, सञ्चय कोषका सेवा-सुविधा, अनलाइन सेवा, कोषको एप तथा विशेष सापटी सेवाबारे जानकारी प्रदान गरिएको थियो। सहभागीहरूले राखेका जिज्ञासाको अन्तरक्रियात्मक छलफलमार्फत समाधान गरिएको थियो।



## सापटीको क्षेत्र विस्तार अध्ययन

शाखा कार्यालय धनगढीले धितोमा आधारित कर्जाको क्षेत्र विस्तार गर्ने उद्देश्यले डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका वडा नम्बर २, ३ र ४ तथा शिखर नगरपालिका-८ मा स्थलगत अध्ययन सम्पन्न गरी प्रतिवेदन कोषको केन्द्रीय कार्यालय तथा सम्बन्धित सञ्चयकर्ता कर्जा विभागमा पेश गरेको छ।

क्षेत्र विस्तारसँगै दिपायल सिलगढी नगरपालिका वडा नम्बर २, ३ र ४ तथा शिखर नगरपालिका-८ का सञ्चयकर्ता प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन्।

## नयाँ संस्था सूचीकरण सम्झौता

शाखा कार्यालय धनगढीबाट चार वटा संस्थालाई नयाँ संस्था आबद्धता प्रदान गरिएको छ। यसअन्तर्गत २०८३ वैशाख २६ गते कृष्ण चुरे कृषि एण्ड फुड्स प्रा.लि., २०८३ असार ९ गते साना किसान सहकारी संस्था लि., २०८३ असार २६ गते प्रभात बचत तथा ऋण सहकारी संस्था लि. तथा २०८३ असार ३० गते सुर्मा साईपाल बचत तथा ऋण सहकारी संस्था लि.लाई सञ्चय कोषमा आबद्ध गराउने स्वीकृति प्रदान गरिएको छ।

# शाखा कार्यालय कोहलपुर

## घोराही तथा नेपालगञ्जमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय कोहलपुरले २०८३ जेठ २९ गते घोराही उपमहानगरपालिकाको सभाहलमा सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षक-कर्मचारीहरूलाई लक्षित गरी सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा १०० भन्दा बढी सहभागीको उपस्थिति रहेको थियो।




कार्यक्रममा कोषका सेवा-सुविधा, सामाजिक सुरक्षा, वित्तीय सापटी, सेवा प्राप्तिको प्रक्रिया तथा सेवाकालपछि आर्थिक सुरक्षाका विषयमा जानकारी प्रदान गरिएको थियो। साथै सहभागीहरूका जिज्ञासा तथा सुझावको समेत सम्बोधन गरिएको थियो।

त्यसैगरी कोहलपुर शाखाले २०८३ असार ५ गते जिल्ला प्रशासन कार्यालय, नेपालगञ्ज, बाँकेमा योगदानमा आधारित निवृत्तिभरण योजना तथा कर्मचारी सञ्चय कोषका सेवा-सुविधासम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, विभिन्न सरकारी कार्यालयका प्रमुख तथा कर्मचारीसहित करिब ७० जनाको सहभागिता रहेको कार्यक्रममा कोषका सामाजिक सुरक्षा सुविधा, वित्तीय सापटी, निवृत्तिभरण तथा अनलाइन सेवासम्बन्धी जानकारी प्रदान गरिएको थियो। सहभागीका जिज्ञासाको सम्बोधन शाखा कार्यालय प्रमुख केशप कुमार बुढाथोकीले गर्नुभएको थियो।

## Knowledge Sharing कार्यक्रम सम्पन्न

शाखा कार्यालय कोहलपुरले २०८३ असार ३१ गते कर्मचारीहरूको पेशागत दक्षता अभिवृद्धिका लागि Knowledge Sharing कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा सहायक प्रबन्धक तोजेन्द्र रोकायले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा प्राप्त सेवाकालीन तालिमका अनुभव तथा "Leadership: Engaging Teams for Better Performance" विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो।

# शाखा कार्यालय बुटवल

## अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिकामा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय बुटवलले मिति २०८३ असार १९ गते अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिकाको सभाहलमा योगदानमा आधारित निवृत्तभरण तथा सञ्चय कोषसम्बन्धी अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। शितगंगा नगरपालिकाको समन्वयमा सम्पन्न उक्त कार्यक्रममा नगरपालिकाभित्र भएका विभिन्न संघीय कार्यालयका कार्यलय प्रमुख, प्रदेश अन्तर्गतका कार्यालयका कार्यालय प्रमुख, स्थानीय विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरू, इलाका प्रहरी कार्यालय ठाडाका कार्यालय प्रमुख, शितगङ्गा नगरपालिकाका विभिन्न शाखा



प्रशाखाका सम्पूर्ण कर्मचारीहरू र सञ्चारकर्मी गरी कूल ८५ जना सञ्चयकर्ताहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नगरपालिकाका नगरप्रमुख छविलाल पौडेलको प्रमुख अतिथि, प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद सापकोटाको विशिष्ट अतिथि तथा शाखा कार्यालय बुटवलको शाखा प्रमुख दिपेन्द्र सापकोटाको अध्यक्ष रहनुभएको थियो । विशिष्ट अतिथि प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाले कर्मचारी सञ्चय कोषले उपलब्ध गराउँदै आएको सापटी तथा अन्य सेवाबाट सञ्चयकर्ताले प्रत्यक्ष लाभ लिन सक्ने उल्लेख गर्दै सेवा विस्तार, सेवा प्रवाह र कार्यसम्पादनप्रति शुभकामना व्यक्त गर्नु भयो ।

त्यस्तै कार्यक्रमले सञ्चयकर्तालाई कर्मचारी सञ्चय कोषका सेवा-सुविधा, योगदानमा आधारित निवृत्तिभरण योजना तथा सेवा प्राप्त गर्ने प्रक्रियाबारे थप जानकारी प्रदान गर्नुका साथै सञ्चयकर्ता र कोषबीच प्रत्यक्ष संवाद स्थापित गर्ने प्रभावकारी माध्यमका रूपमा भूमिका खेलेको कुरा शाखा कार्यालय सापकोटाले बताउनु भएको थियो ।

## AML/CFT विषयक एक दिने अभिमुखीकरण तथा ज्ञान आदान प्रदान कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष, बुटवलले मिति २०८३ असार २१ मा AML/CFT विषयक अभिमुखीकरण तथा ज्ञान आदान-प्रदान कार्यक्रम सम्पन्न गरेको छ । शाखा कार्यलयका सम्पूर्ण कर्मचारी सहभागी भएको कार्यक्रममा शाखा कार्यालयबाट आमन्त्रित प्रशिक्षकका रुपमा नेपाल राष्ट्र बैङ्क सिद्धार्थनगर कार्यलयका सहायक निर्देशक दीपक पराजुलीले AML/CFT का विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो। उक्त कार्यक्रममा सम्बन्धित विषयमा सञ्चय कोष तथा अन्य गैर बैकिङ्ग कारोवार गर्ने संस्थालाई नेपाल राष्ट्र बैङ्कबाट भएका निर्देशन तथा संस्थाले गर्नु पर्ने नियमित प्रतिवेदनका सम्बन्धमा छलफल तथा अन्तरक्रिया गरिएको थियो। एशियन होटल रुपन्देहीमा सम्पन्न भएको उक्त कार्यक्रमको अन्त्यमा सहभागी कर्मचारीहरूलाई कार्यालय प्रमुखले यस्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रमले कर्मचारीको क्षमता विकासका साथै ज्ञानमा समेत परिवर्तन गराउने मन्तव्य राख्दै धन्यवाद दिई कार्यक्रम समापन गर्नु भएको थियो ।

# शाखा कार्यालय जनकपुर

## निवृत्तभरण तथा सञ्चय कोषसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय जनकपुरले आर्थिक वर्ष २०८२/८३ मा निजामती, नेपाली सेना, सशस्त्र प्रहरी तथा लेखा समूहका कर्मचारीलाई लक्षित गरी चारवटा निवृत्तभरण तथा सञ्चय कोषसम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रमहरूमा कोषका तर्फबाट कार्यालय प्रमुख अर्जुन निरौलाले उपलब्ध सापटी, सामाजिक सुरक्षा सुविधा तथा सेवा प्राप्त गर्ने प्रक्रियाबारे जानकारी दिनुभएको थियो ।




## धितोमा आधारित सापटीको क्षेत्र विस्तार

कर्मचारी सञ्चय कोष, कार्यालय जनकपुरले आर्थिक वर्ष २०८२/८३ मा आफ्नो कार्यक्षेत्रअन्तर्गतका सात जिल्लामा धितोमा आधारित सापटीको क्षेत्र विस्तार गरेको छ ।

सर्लाही, सिराहा, महोत्तरी, धनुषा, सिन्धुली, उदयपुर र सप्तरीका पूर्वाधार विकास भएका विभिन्न स्थानीय तहमा क्षेत्र विस्तार गरिएको हो । यसबाट सञ्चयकर्ताको सेवा पहुँच विस्तार हुनका साथै कोषको सेवा प्रवाह थप प्रभावकारी बन्ने विश्वास लिइएको छ ।

## AML/CFT सम्बन्धी तालिम सम्पन्न

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय जनकपुरले शाखामा कार्यरत कर्मचारीका लागि AML/CFT सम्बन्धी एक दिने तालिम दिएको छ। तालिममा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी न्यूनीकरण, कानुनी दायित्व तथा शङ्कास्पद कारोबार पहिचानसम्बन्धी विषयमा प्रशिक्षण प्रदान गरिएको थियो ।

# शाखा कार्यालय बिराटनगर

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय विराटनगरले २०८३ असार १९ गते श्री जन जागृति माध्यमिक विद्यालय, सोलुखुम्बुमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा विभिन्न विद्यालयका प्रधानाध्यापक तथा लेखासम्बन्धी कार्यमा संलग्न करिब ६० जनाको सहभागिता रहेको थियो ।
कार्यक्रममा शाखा कार्यालय प्रमुख रुकमणी ठकुरीले कोषका सेवा-सुविधा, KYC अद्यावधिक, अनलाइन विशेष सापटी, कोषकट्टी प्रक्रिया तथा सामाजिक सुरक्षासम्बन्धी विषयमा जानकारी दिनुभएको थियो । साथै, सहभागीका जिज्ञासाको सम्बोधन गर्दै उहाँले सञ्चयकर्तामैत्री, सरल र प्रविधिमैत्री सेवा प्रवाहलाई कोषले निरन्तर प्राथमिकता दिएको बताउनुभयो ।




## Knowledge Sharing कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय विराटनगरले मिति २०८३ असार १२ मा विराटनगरस्थित नमस्कार रेजेन्सीमा Knowledge Sharing कार्यक्रम सम्पन्न गरेको छ ।
कार्यक्रममा उप प्रबन्धक काशीनाथ खतिवडाले टिप्पणी लेखनसम्बन्धी कानुनी व्यवस्था, आधारभूत सिद्धान्त तथा व्यवहारिक पक्षबारे प्रस्तुतीकरण गर्नुभएको थियो । समापनका क्रममा शाखा कार्यालय प्रमुख एवं वरिष्ठ प्रबन्धक रुकमणी ठकुरीले यस्ता कार्यक्रमले कर्मचारीको ज्ञान, क्षमता र कार्यदक्षता अभिवृद्धिमा टेवा पुग्ने उल्लेख गर्दै सिक्ने-सिकाउने संस्कृतिलाई संस्थागत रूपमा निरन्तरता दिनुपर्नेमा जोड दिनु भएको थियो ।

## नयाँ संस्था सूचिकरण सम्झौता

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय विराटनगरले कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता तथा कार्यालय/संस्था सूचीकरण विनियमावली, २०८१ बमोजिम मिति २०८३ असार १० गते मोरङको धनपालथान गाउँपालिका-७ स्थित जीवन विकास पब्लिक स्कुलसँग संस्था सूचीकरण सम्झौता सम्पन्न गरेको छ ।
सम्झौतापत्रमा विद्यालयका तर्फबाट सञ्चालक सदस्य संजय कुमार मण्डल तथा कोषका तर्फबाट शाखा कार्यालय प्रमुख रुकमणी ठकुरीले हस्ताक्षर गर्नुभएको थियो ।

# शाखा कार्यालय सुर्खेत

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न



कर्मचारी सञ्चय कोषको आयोजनामा सल्यान जिल्लामा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । सिद्धिबक्स गणको समन्वयमा सिमखर्क ब्यारेक परिसरमा असार ५ गते कार्यक्रम आयोजना भएको थियो । कार्यक्रममा कर्मचारी सञ्चय कोषबाट प्रवाह हुने सेवाहरु तथा नयाँ KYC प्रणाली र प्रक्रियाबारे विस्तृत छलफल गरिएको थियो ।
कार्यालय प्रमुख मुकुन्द अर्यालले सहभागीहरूबाट प्राप्त भएका विभिन्न जिज्ञासा तथा प्रश्नहरुको जवाफ दिँदै कोषले नयाँ प्रविधिअनुरुप सेवा सुविधामा सुधार गर्दै लगिरहेको जानकारी गराउनुभयो । उहाँले कोषका अधिकांश सेवाहरु कार्यालय तथा घरमै बसेर अनलाईनमार्फत लिन सकिने भएकोले प्रविधिको प्रयोग गरी लाभान्वित हुन सहभागीहरुलाई आग्रह गर्नुभयो ।
कार्यक्रममा उप प्रबन्धक राजेन्द्र विक्रम के.सी.ले कोषले सञ्चालन गरिरहेका कार्यक्रम तथा सेवा सुविधाको बारेमा जानकारीमूलक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । यस्तै, सहायक प्रबन्धक प्रवेश आचार्य र प्रमुख सहायक बल बोहोराले कोषको KYC प्रकृयाको बारेमा जानकारी गराउनुभएको थियो ।
प्रमुख सेनानी शिवनारायण श्रेष्ठले कोषले सञ्चयकर्ताको सुविधाको लागि विभिन्न सेवाहरु प्रदान गरिरहेको भएता पनि पर्याप्त जानकारीको अभावमा नेपाली सेनाका सकल दर्जाहरूले पर्याप्त लाभ लिन नसकिरहेको बताउनु भयो । उहाँले अन्तरक्रिया कार्यक्रमको लागि दुर्गम क्षेत्रमा पर्ने सिद्धिबक्स गणलाई छनौट गर्नुभएकोमा कोषलाई धन्यवाद दिनुभयो । कार्यक्रममा सिद्धिबक्स गणका करिव २०० जनाको सहभागिता रहेको थियो ।

# शाखा कार्यालय हेटौँडा

## बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडामा सञ्चयकर्ता अभिमुखीकरण कार्यक्रम सम्पन्न

हेटौंडा, २०८२ – कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौंडाले बागमती प्रदेश प्रहरी कार्यालयमा सञ्चयकर्ता अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रमको मुख्य उद्देश्य प्रहरी कर्मचारीहरूलाई सञ्चय कोषले प्रदान गर्ने सेवा सुविधा र प्रक्रियाबारे जानकारी दिनु रहेको थियो ।

प्रहरी अधिकृत तथा जवानहरूको उपस्थितिमा आयोजित उक्त कार्यक्रममा कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौंडाका प्रमुख बरिष्ठ प्रबन्धक श्री कृष्ण प्रसाद शर्मा "मराशिनि" ले सेवा सुविधा, योगदान, ऋण प्रक्रिया लगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।



## धितोमा आधारित सम्पत्तिसम्बन्धी तालिम सम्पन्न

शाखा कार्यालय हेटौंडाले धितोमा आधारित सम्पत्तिसम्बन्धी विषयमा शाखाका कर्मचारीहरूलाई एकदिने तालिम सञ्चालन गरेको छ । तालिममा सञ्चयकर्ता सम्पत्ति प्रवाह विनियमावली, २०८० बमोजिम धितोमा आधारित सम्पत्ति स्वीकृतिसँग सम्बन्धित कानुनी तथा प्राविधिक पक्षबारे जानकारी गराइएको । तालिममा भूमि प्रशासनसँग सम्बन्धित सेवा, धितो रोक्का, फुकुवा, जग्गाको स्वामित्व, प्रकार, गुठी, नापी नक्सा, ट्रेस नक्सा, सार्वजनिक क्षेत्र तथा खुला बाटो पहिचान लगायतका विषयमा सम्बन्धित क्षेत्रका विज्ञ स्रोत व्यक्तिहरूबाट प्रशिक्षण प्रदान गराइएको थियो ।

## नयाँ संस्था सूचीकरण सम्झौता

कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौँडा र बागमती विश्व विद्यालय, हेटौँडाबीच सञ्चय कोष एवम् निवृत्तभरण कोष रकम व्यवस्थापन गर्ने सम्बन्धमा सम्झौता सम्पन्न भएको छ । सम्झौताअनुसार अब बागमती विश्वविद्यालयमा कार्यरत सम्पूर्ण स्थायी कर्मचारीहरुको अवकाशसम्बन्धी कोष कर्मचारी सञ्चय कोषले व्यवस्थापन गर्नेछ ।

# सेवा केन्द्र धनकुटा

## सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष, सेवा केन्द्र धनकुटाले २०८३ असार १८ गते सशस्त्र प्रहरी बल नेपाल, अरुण गुल्म, चैनपुर (संखुवासभा) मा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा कोषबाट प्रदान गरिने वित्तीय सेवा, सामाजिक सुरक्षा योजना, धितोमा आधारित सापटी तथा योगदानमा आधारित निवृत्तभरण योजनासम्बन्धी जानकारी प्रदान गरिएको थियो । साथै सहभागीहरूले उठाएका जिज्ञासाको सम्बोधन गर्दै सेवा केन्द्र प्रमुख झलक राज शर्मा (पौडेल) ले सञ्चयकर्तामैत्री सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।



## पेशागत क्षमता अभिवृद्धिसम्बन्धी तालिम सम्पन्न

सेवा केन्द्र धनकुटाले २०८३ असार ३१ गते कर्मचारीहरूको पेसागत ज्ञान, सीप र कार्यदक्षता अभिवृद्धिका लागि Public Finance Management तथा Customer Service Excellency विषयमा तालिम सञ्चालन गरेको छ । तालिममा धनकुटाका प्रमुख जिल्ला अधिकारी रुद्र देवी शर्मा तथा लोक सेवा आयोग धनकुटाका सह सचिव गोकुल बास्तोलाले विज्ञ प्रशिक्षकका रूपमा प्रशिक्षण दिनुभएको थियो ।

## Knowledge Sharing कार्यक्रम सम्पन्न

सेवा केन्द्र धनकुटाले २०८३ असार १२ गते कार्यालयमा कार्यरत कर्मचारीहरूबीच "कार्यालय वा संस्थाले कोषमा सूचीकरण गर्ने सम्बन्धमा" विषयमा Knowledge Sharing कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रममा कार्यपत्र प्रस्तुतीकरणमार्फत अनुभव तथा ज्ञान आदान-प्रदान गरिएको थियो ।

## सापटीको क्षेत्र विस्तारका लागि स्थलगत अध्ययन सम्पन्न

सेवा केन्द्र धनकुटाले धितोमा आधारित सापटीको क्षेत्र विस्तार गर्ने उद्देश्यले संखुवासभाको खाँदबारी नगरपालिकामा स्थलगत अध्ययन सम्पन्न गरेको छ । अध्ययन प्रतिवेदनका आधारमा सेवा केन्द्र प्रमुख झलक राज शर्मा (पौडेल) ले थप क्षेत्र विस्तारका लागि सञ्चयकर्ता सेवा विभागमा सिफारिस गर्नुभएको छ ।

## पाँचथरमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष, सेवा केन्द्र, विर्तामोडले आसार ५ गते पाँचथर जिल्लामा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा जिल्ला प्रशासन कार्यालय, पाँचथरका प्रमुख जिल्ला अधिकारीको उपस्थितिसहित विभिन्न सरकारी कार्यालय, सुरक्षा निकाय तथा लेखा समूहका अधिकारीहरुको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रममा कर्मचारी सञ्चय कोषबाट उपलब्ध सेवा-सुविधा, सञ्चय कोष तथा निवृत्तभरण कोष, कोषकट्टी प्रक्रिया, CGAS तथा SuTRA प्रणालीमार्फत रकम पठाउने प्रक्रिया, KYC अद्यावधिक, अनलाइन सेवा, धितोमा आधारित सापटी, समाजिक सुरक्षा सुविधा लगायतका विषयमा विस्तृत छलफल भएको थियो ।

सहभागीहरूले कोषको सेवा प्रवाह, डिजिटल सेवा विस्तार, ब्याजदर, समाजिक सुरक्षा सुविधा तथा सेवा सुधारसम्बन्धी विभिन्न जिज्ञासा, सुझाव र गुनासा राखेका थिए । सेवा केन्द्र प्रमुखले ती विषयमा स्पष्ट जवाफ दिँदै सेवा प्रवाहलाई थप सहज, छिटो र प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

## जिल्ला प्रहरी कार्यालय, झापामा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष, सेवा केन्द्र, विर्तामोडले आसार १४ गते जिल्ला प्रहरी कार्यालय, झापामा कार्यरत प्रहरी जवानहरुलाई लक्षित गरी सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

कार्यक्रममा कर्मचारी सञ्चय कोषका सेवा-सुविधा, अनलाइन प्रणालीमार्फत कोषकट्टी विवरण प्रविष्ट, विशेष सापटी आवेदन, KYC प्रक्रिया तथा कोषको वर्तमान अवस्था र भावी योजनाबारे जानकारी दिइएको थियो ।

कार्यक्रममा सहभागी प्रहरी कर्मचारीहरूले कोषका सेवा-सुविधा, सापटी प्रक्रिया तथा डिजिटल सेवाका विषयमा जिज्ञासा राखेका थिए। कोषका प्रतिनिधिहरुले सबै प्रश्नको समाधान गर्दै सेवा प्रवाहलाई




अझ प्रविधिमैत्री, सरल र प्रभावकारी बनाइने जानकारी दिनुभएको थियो ।

## धितोमा आधारित सापटी क्षेत्र विस्तारको दोस्रो चरणको अध्ययन सम्पन्न

सेवाकेन्द्र, विर्तामोडले वैशाख र जेठ महिनामा झापा जिल्लाका विभिन्न स्थानीय तहमा धितोमा आधारित सापटी क्षेत्र विस्तारसम्बन्धी दोस्रो चरणको अध्ययन सम्पन्न गरेको छ । प्रस्तावित क्षेत्रहरुको स्थलगत अनुगमन, स्थानीय तहसँग छलफल तथा प्राप्त तथ्याङ्को विश्लेषणपश्चात पूर्वाधार विकास भएका क्षेत्रलाई प्राथमिकतामा राख्दै सापटी सेवा विस्तारका लागि सिफारिश गरिएको हो । अध्ययनका आधारमा हल्दीबारी गाउँपालिका, झापा गाउँपालिका, बाह्रदशी गाउँपालिका, कन्काई नगरपालिका, अर्जुनधारा नगरपालिका, बुद्धशान्ति गाउँपालिका तथा मेचीनगर नगरपालिकाका पूर्वाधार विकास भएका विभिन्न वडाहरुमा धितोमा आधारित सापटीको क्षेत्र विस्तारका लागि सिफारिश गरिएको छ ।

### कोषबाट लिएको सापटी रकम भुक्तानी गर्ने प्रक्रिया

**KYC Update गरेका सञ्चयकर्ताहरुका लागि**

- Connect IPS Login गरी Semi-Govt. (Sansthan) मा Click गरेर ।
- Mobile मा कोषको EPF App Download गरी EPF App भित्र रहेको Loan Payment Option मा Click गरेर ।
- आफ्नो Bank को Banking App भित्र रहेको Payment मा गई Pension Fund भित्र रहेको Karmachari Sanchaya Kosh मा Click गरेर ।
- कोषको website epf.org.np मा गई Individual Login गरी Loan Payment मा Click गरेर ।

**KYC Update नगरेका सञ्चयकर्ताहरुका लागि**

- कोषले तोकेको बैङ्क खाता मार्फत कोषको खातामा रकम जम्मा गरेर loan.recovery@epf.org.np मा उक्त भौचर ईमेल गरी पठाउन सकिनेछ ।

### गुनासो व्यवस्थापन

कोषले प्रवाह गर्ने सेवासम्बन्धी जिज्ञासा, गुनासो वा सुझाव भए सम्पर्क गर्नुहोस् ।




- कल सेन्टर: 01-5970041 (कार्यालय समयभित्र)
- सूचना अधिकारी: 9748276248
- इमेल: gunaso@epf.org.np
- Viber: 9768445215 (फाँटवारी), 9847693980 (Bank Reconciliation), 9847693564 (खाता व्यवस्थापन), 9768445216 (KYC)
- हेलो सरकार मार्फत गुनासो दर्ता गर्न सकिने
- Facebook Messenger: www.facebook.com/epfnepal

“सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष”

# आर्थिक वर्ष २०८२/८३ को अनुमानित वित्तीय अवस्था

**(१) सञ्चयकर्ता विवरण :**

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ६५ हजार | २८ हजार |
| निवृत्तभरण कोष | १ लाख २१ हजार | ४ हजार ७ सय |

**(२) आ.व. २०८२/८३ को अनुमानित वित्तीय अवस्था :**

| विवरण | सञ्चय कोष | निवृत्तभरण कोष | जगेडा कोष | दायित्वहरू | कुल स्रोत | कुल लगानी |
|---|---|---|---|---|---|---|
| रकम रु.(अर्बमा) | ६१८.१७ | २९.९८ | ३९.४४ | १३.३३ | ७००.९२ | ६६४.९६ |

**(३) वित्तीय सुविधाहरू :**

(क) सञ्चयकर्ता सापटी (आ व.२०८३/८४)

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | घर मर्मत सापटी | सरल सापटी | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | कोष रकमको ९५ प्रतिशतसम्म | रु.१.५ करोडसम्म | रु.५० लाखसम्म | रु.५० लाखसम्म | रु.१ करोडसम्म | रु. १ करोडसम्म |
| ब्याजदर | ५.३५ प्रतिशत | ६.६० प्रतिशत | ६.६० प्रतिशत | ६.६० प्रतिशत | ६.८५ प्रतिशत | ६.८५ प्रतिशत |

(ख) ब्याजमा छुट : धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशत विन्दुले ब्याजदरमा छुट दिने व्यवस्था गरिएको ।

(ग) ब्याज तथा मुनाफा : आ.व. २०८३/८४ मा कोष रकममा ब्याजदर ३.८५ प्रतिशत
: मुनाफा १.०० प्रतिशत (२०८१/८२ को शुरु मौज्दातमा)

**(४) सामाजिक सुरक्षा सुविधाहरू :**

(क) सञ्चयकर्ता स्वास्थ्य उपचार योजना : सञ्चयकर्ता वा निजको पति वा पत्नीको उपचार खर्चमध्ये साधारण रोगतर्फ प्रत्येक आर्थिक वर्षमा अधिकतम रू.१ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवाअवधि भरमा अधिकतम रु.१० लाखसम्म रकम शोधभर्ना गरिने ।

(ख) सुत्केरी तथा शिशु स्याहार योजना : प्रति प्रसुति रु.७,५०० (२ पटकका लागि),

(ग) दुर्घटना क्षतिपुर्ति योजना : सञ्चयकर्ता वा निजको हकवालालाई रु.२ लाखसम्म,

(घ) काजकिरिया अनुदान योजना : हकवालालाई रु.४० हजार ।

**(५) कोषका कार्यालयहरू :**

उपत्यकास्थित : पुल्चोक (केन्द्रीय कार्यालय), ठमेल, लगनखेल र सिंहदरबार ।

उपत्यकाबाहिर : विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत, धनगढी र धनकुटा र बिर्तामोड ।

सम्पादन तथा प्रकाशन : योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर
फोन नं. : ५०१०१६५, ५०१०१६६